फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ्ग, तेह्रथुम ।

(१ नं. प्रदेश नेपाल)

फोनः ९८५२०८०६०० काप्र
९८४९११५०८९ लेखा

प.सं.: ०७४।७५
च.नं :-५२३

मितिः- २०७५/२/२

विषय :- बेरुजु फछ्र्यौटका सम्बन्धमा ।

श्री वडा कार्यालयहरु, सबै
फेदाप गाउँपालिका, तेह्रथुम

प्रस्तुत विषयमा महालेखा परीक्षकको कार्यालय डोरमुकम तेह्रथुमको च.नं. ५५ मिति २०७४।०८।०५ को पत्रमा उल्लेख भएको तहाँस्थित वडाका विभिन्न व्यक्ति एवं संस्थाहरुको नाममा कायम भएको आ.ब. २०७३।७४ को बेरुजु फछ्र्यौटका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत केन्द्रीय निकायहरुबाट यस कार्यालयलाई पटक पटक जानकारी गराईएको तथा सो बमोजिम यस कार्यालयबाट यस अघि पनि पत्रमार्फत तथा मौखिक रुपमा सम्बन्धित पक्ष र तहाँ वडालाई पटक पटक जानकारी गरिएको भएता पनि धेरै बेरुजुका सम्बन्धमा कारबाही सुस्त भएको पाईएको छ । तहाँ वडास्थित सबै बेरुजु रकम २०७५ जेठ १५ गतेभित्र फछ्र्यौट गर्न सम्बन्धित पक्षलाई जानकारी एवं ताकेता गरिदिहुन जानकारी गरिएको छ । उक्त समयमा सो बेरुजु फछ्र्यौट नभए सम्बन्धित पक्ष तथा तहाँस्थित वडालाई यस गाउँ कार्यपालिकाबाट उपलब्ध हुने सबै सुविधा बेरुजु फछ्र्यौट नभएसम्मका लागि रोक्का गरिने तथा असुल उपर गर्नुपर्ने बेरुजु जुनसुकै तरीकाबाट असुल गर्न गाउँ कार्यपालिका बाध्य हुने व्यहोरा समेत जानकारी गराईन्छ । बेरुजु फछ्र्यौटका लागि आवश्यक परे फेदाप गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन समेत जानकारी गरिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र समेत यसै पत्रसाथ राखी पठाईएको व्यहोरा जानकारी गराईन्छ ।

०७५/२/२

..................................
सुमन लिङदेन लिम्बु
प्रमुख प्रशासकीय अधिकृत